नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्या :-
च.नं. ५८९

# प्रेस विज्ञप्ती

स्वस्थ जीवन, मानव सभ्यता तथा स्वच्छ एवं स्वस्थ कार्यवातावरणका लागि सरसफाई आधारभूत विषय हो । यस मन्त्रालय मातहतका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक धरोहर, हवाई एवं पर्यटकीय क्षेत्रहरु लगायत विमानस्थल तथा अन्य संरचनाहरु संवेदनशील क्षेत्रहरु हुन् । यस्ता क्षेत्रहरुको नियमित सरसफाई गरी चुस्त दुरुस्त राख्नु प्राथमिक जिम्मेवारी भित्र पर्दछ । विभिन्न पर्यटकीय स्थल, प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको प्रवर्द्धन, जगेर्ना, विविधीकरण तथा बजारीकरणका लागि यी सम्पदा क्षेत्रहरु सफा र सुरक्षित हुनु अपरिहार्य रहेको छ । आधारभूत सरसफाईको मापकका रुपमा रहेको शौचालय व्यवस्था मानव सभ्यताको सूचक पनि हो ।

नेपाल प्रवेश गर्ने पहिलो ढोकाको रुपमा रहेको अन्तर्राष्ट्रिय विमानस्थलहरु, पर्यटकीय गन्तब्यहरु, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरु, सङ्ग्रहालयहरु तथा यस मन्त्रालय र मातहतका निकायहरुको सरसफाई तथा शौचालय व्यवस्थापनको लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय सुदन किरातीले बिशेष चासो राख्दै उल्लिखित स्थान तथा निकायहरुको तोकिएको मापदण्ड बमोजिम नियमित सरसफाई गर्ने, शौचालयको उचित व्यवस्थापन गर्ने र स्वच्छता कायम गर्ने विषयलाई प्राथमिकतामा राखी परिणाम देखिने गरी कार्यसम्पादन गर्न विशेष निर्देशन भएको छ ।

अतः अन्तर्राष्ट्रिय एवं आन्तरिक विमानस्थलहरु, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरु, सङ्ग्रहालयहरु, पर्यटकीय क्षेत्रहरु, मन्त्रालय तथा मातहतको अन्य निकायहरुमा तोकिएको मापदण्ड बमोजिम नियमित सरसफाई गर्न, सर्वसाधारणले प्रयोग गर्ने शौचालय समेत नियमित सरसफाई गर्न, स्वच्छता कायम गरी कार्य वातावरण निर्माण गर्न एवं परिणाम देखिने गरी कार्यसम्पादन गर्न, गराउन सम्बन्धित सम्पूर्ण निकायहरुलाई निर्देशन दिन भनी भएको नेपाल सरकार (माननीय मन्त्रीस्तर) मिति २०७९/१०/०३ निर्णय तत्काल कार्यान्वयन गर्न गराउन जानकारी गराइएको छ ।

मितिः २०७९/१०/०४

(राजेन्द्र कुमार के.सी.)
प्रवक्ता/सहसचिव